# स्थानीय राजपत्र
## भीमदत्त नगरपालिकाद्धारा प्रकाशित

**७ नं. प्रदेश, महेन्द्रनगर, कञ्चनपुर माघ ५ गते शुक्रवार २०७४ साल संख्या:५**


## भाग–३

**"घ" वर्गको निर्माण व्यवसायको नयाँ इजाजत पत्र जारि, नविकरण, नामसारी तथा खारेज गर्ने सम्बन्धि कार्यविधि २०७४**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (छ) १० वमोजिम "घ" वर्गको निर्माण व्यवसायको नयाँ इजाजत पत्र जारि, नामसारी तथा खारेज गर्ने अधिकार गाँउपालिका तथा नगरपालिकामा भएको व्यवस्था वमोजिम "घ" वर्गको निर्माण व्यवसायको नयाँ इजाजत पत्र जारी, नविकरण, नामसारी तथा खारेज गर्ने सम्बन्धि कार्यविधि २०७४ तयार गरिएको छ ।

**क)- कार्यक्षेत्र तथा योग्यता**

१. यस कार्यविधि अन्तर्गत इजाजत प्राप्त निर्माण व्यवयीले सार्वजनिक खरिद ऐन २०६३ (पहिलो संशोधन समेत) तथा सार्वजनिक खरिद नियमावली २०६४ (पाँचौ संशोधन समेत) मा व्यवस्था भए वमोजिम कुनै पनि सार्वजनिक निकायका सार्वजनिक निर्माणका कार्यहरु गर्न सक्नेछ ।

२. कुनै पनि नेपाली नागरिकता भएको व्यक्ति वा नेपाल सरकारको कम्पनि दर्ता ऐन वमोजिम दर्ता भएको प्राइभेट वा पब्लिक लिमिटेड कम्पनिले "घ" वर्गको निर्माण व्यवसायको इजाजत पत्रका लागि निवेदन दिन सक्नेछ ।

३. यस कार्यविधिमा उल्लेखित कुनै पनि वुँदा नेपाल सरकारले जारि गरेको ऐन, नियम कानुन सँग बाझिएको हकमा नेपाल सरकारकै ऐन, नियम कानुन वमोजिम नै हुनेछ ।

**ख)- "घ" वर्गको निर्माण व्यवसायको इजाजत पत्रका लागि आबश्यक मापदण्ड**

"घ" वर्गको निर्माण व्यवसायको नयाँ इजाजत पत्र र इजाजात पत्र नामसारीका लागि कम्तिमा अनुसूचि "क" वमोजिमको मेशिनरी तथा औजार र अनुसूची "ख" वमोजिमको जनशक्तिको मापदण्ड पुरा भएको हुनु पर्नेछ।

**ग)- आबश्यक न्यूनतम जनशक्ति**

"घ" वर्गको निर्माण व्यवसायको नयाँ इजाजत पत्र र इजाजत पत्र नामसारीका लागि निवेदकले तपसिल वमोजिम व्योहोराको नोटरी पब्लिक बाट प्रमाणित कर्मचारी विवरण निवेदन साथ संलग्न गर्नु पर्नेछ ।

| सि.नं. | नाम र ठेगाना | शैक्षिक योग्यता | पद | कार्य अवधि |
|---|---|---|---|---|
| | | | | |

**घ)- आबश्यक न्यूनतम मेशिनरी तथा औजार**

"घ" वर्गको निर्माण व्यवसायको नयाँ इजाजत पत्र र इजाजात पत्र नामसारीका लागि निवेदकले तपसिल वमोजिम व्योहोराको मेकानिकल इन्जिनियरको सिफारिस एवम नोटरी पब्लिक बाट प्रमाणित मेशिनरी तथा औजारको विवरण निवेदन साथ संलग्न गर्नु पर्नेछ ।

| सि.नं. | विवरण | मूल्य | खरिद मिति | संख्या |
|---|---|---|---|---|
| | | | | |

**ङ)- आबश्यक न्यूनतम बैंक मौज्दात**

"घ" वर्गको निर्माण व्यवसायको इजाजत पत्रका लागि रु ३,००,०००।०० वरावरको नगद वा बैंक क्रेडिट उपलब्ध रहेको प्रमाण पेश गर्नु पर्नेछ ।

**च)- इजाजत पत्र सिफारीस समिति**

१. भीमदत्त नगरपालिका, नगर कार्यपालिकाको कार्यालय लाई "घ" वर्गको निर्माण व्यवसायको नयाँ इजाजत पत्र र इजाजत पत्र नामसारी गर्नका लागि अनुसूचि – ग वमोजिमको "घ" वर्गको निर्माण व्यवसायको इजाजत पत्र सिफारिस समिति गठन गरिनेछ ।

२. "घ" वर्गको निर्माण व्यवसायको इजाजत पत्र सिफारिस समितिले प्राप्त निवदेन तथा अन्य विवरणहरुको अध्ययन गरि इजजात पत्रका लागि नगर कार्यपालिकाको कार्यालय लाई ७ दिन भित्र सिफारिस गर्नु पर्नेछ । सिफारिस समितिको सिफारिसका आधारमा नगर कार्यपालिकाको निर्णय वमोजिम निर्माण व्यवसायको नयाँ इजाजत पत्र जारि गरिनेछ ।

**छ)- दर्ता, नविकरण, नामसारी तथा खारेज शुल्क**

चालु आर्थिक वर्ष २०७४।०७५ का लागि "घ" वर्गको निर्माण व्यवसायको इजाजत पत्र सम्बन्धमा देहाय वमोजिमको शुल्क निर्धारण गर्ने र अगामि आर्थिक वर्ष देखि नगर सभाले पारित गरे वमोजिमको शुल्क लागु हुनेछ ।

१. "घ" वर्गको निर्माण व्यवसायको इजाजत पत्र दर्ता शुल्क रु १५,०००।००
२. "घ" वर्गको निर्माण व्यवसायको इजाजत पत्र हकवालाको नाममा नामसारी शुल्क रु ३,०००।००
३. "घ" वर्गको निर्माण व्यवसायको इजाजत पत्र हकवाला वाहेकको नाममा नामसारी शुल्क रु ७,०००।००
४. "घ" वर्गको निर्माण व्यवसायको इजाजत पत्र नविकरण शुल्क रु २,५००।०० असोज मसान्त भित्र
५. "घ" वर्गको निर्माण व्यवसायको इजाजत पत्र नविकरण शुल्क रु ५,०००।०० चैत्र मसान्त भित्र
६. "घ" वर्गको निर्माण व्यवसायको इजाजत पत्र खारेज शुल्क रु २,५००।०० असोज मसान्त भित्र

**ज)- इजाजत पत्र रद्द गर्न सक्ने**

भीमदत्त नगरपालिका, नगर कार्यपालिकाको कार्यालयले देहाय वमोजिमको अवस्थामा नगर कार्यपालिकाको कार्यालयबाट जारि भएको इजाजत पत्र रद्द गर्न सक्नेछ । तर यसरी इजजात पत्र रद्द गर्न अघि सम्बन्धित पक्ष लाई स्पष्टिकरणको मौका दिइनेछ।

१. प्रचलित कानुन वमोजिम तोकिएको अवाञ्छित कृयाकलापमा सहभागि भएको प्रमाणित भएमा
२. कार्यविधि अनुसार तोकेको न्यूनतम जनशक्ति र मेशिनरी तथा औजारको सुनिश्चिता गरेको नपाइएमा
३. सार्वजनिक खरिद अनुगमन कार्यालयको कालोसूचिमा परेमा
४. अन्य सरकारी कार्यलाय बाट आबश्यक प्रमाण सहित इजाजत पत्र रद्द गर्न सिफारिस भई भीमदत्त नगरपालिका, नगर कार्य पालिकाको कार्यालयले मनासिव ठानेमा
५. लगातार तिन वर्ष सम्म इजाजत पत्र नविकरण नगरेमा

**झ)- पुनरावलोकन**

यस कार्यविधि वमोजिम इजाजत पत्र रद्द गरेको विषयमा निर्माण व्यवसायी लाई चित नबुझेमा पुनरावलोकनका लागि भीमदत्त नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा निवेदन गर्न सक्नेछ र भीमदत्त नगरपालिका, नगर कार्यपालिकाको कार्यालय बाट भएको निर्णय नै अन्तिम निर्णय मान्य हुनेछ ।

## अनुसूचि -क

"घ" वर्गको निर्माण व्यवसायको इजाजत पत्रका लागि आबश्यक न्यूनतम मेशिनरी तथा औजारको विवरण

| सि.नं. | मेशिनरी तथा औजारको विवरण | न्यूनतम आबश्यक संख्या | कैफियत |
|---|---|---|---|
| १ | कंक्रिट मिक्सचर | १ | मेशिनरी तथा औजार खरिद गरेको भ्याट विलको प्रमाणित प्रतिलिपि र उपकरणहरु चालु अवस्थामा रहेको भनि मेकानिकल इन्जिनियरले सिफारिस गरेको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्ने । |
| २ | भाइब्रेटर | २ | |
| ३ | पम्प | २ | |
| ४ | लेवल मसिन | १ | |

## अनुसूचि -ख

"घ" वर्गको निर्माण व्यवसायको इजाजत पत्रका लागि आबश्यक न्यूनतम जनशक्तिको विवरण

| सि. नं. | जनशक्तिको विवरण | न्यूनतम आबश्यक संख्या | कैफियत |
|---|---|---|---|
| १ | सिभिल इन्जिनियर | १ | कर्मचारीहरुकोशैक्षिक योग्यता को प्रमाणित प्रतिलिपि तथा निजहरु सँगको सम्झौता तथा नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्ने । |
| २ | सिभिल सब इन्जिनियर | १ | |
| ३ | प्रशासन सहायक | १ | |
| ४ | लेखा सहायक | १ | |

## अनुसूचि -ग

"घ" वर्गको निर्माण व्यवसायको इजाजत पत्र सिफारिस समिति

प्रशासन शाखा प्रमुख
योजना तथा प्राविधिक शाखा प्रमूख
राजश्व शाखा प्रमुख

सिफारिस समितिले आबश्यकता अनुसार अन्य व्यक्तिहरु लाई आमन्त्रित गर्न सक्ने छ ।

आज्ञाले

हरि प्रसाद शर्मा

प्रमुख प्रशासकीय अधिकृत

भीमदत्त नगरपालिका